सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१४

जेष्ठ, २०७५

सिटिजन हेल्पडेस्क बुलेटिनको चौथौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरि उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउँदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## हल्ला

### मण्डनदेउपुर, काभ्रेपलाञ्चोक

"स्थानीयले घर बनाएन भने पहिलो किस्ता बापत पाएको ५० हजार रकम पनि सरकारले फिर्ता लान्छ र सो व्यक्तिलाई कालो सूचिमा राखि सरकारले दिने हरेक सुविधा बाट पनि बन्चित गरिन्छ भन्ने हल्ला छ। "



### सुनकोशी, सिन्धुपाल्चोक

"भूकम्प लाभग्राही सूचिमा परेपछि पहिलो किस्ता बापत रु. ५० हजार लिएँ। घर बनाउने थप रकम नभएर पछि सो रकम त्यतिकै थन्किएको छ। अब घर नबनाए सरकारले कालोसूचिमा राख्ने र सरकारले दिँदै गरेको सामाजिक सुरक्षा भत्ता पनि कटौति गर्दैछ रे ! घर बनाउन सक्ने अवस्था छैन, त्यसमाथि पाउदै आएको सामाजिक सुरक्षा भत्ता पनि रोक्का हुने भएपछि सो रकम सरकारलाई फिर्ता गर्ने मनसायमा छु। रकम फिर्ता गर्ने प्रकृया के होला ?"

## यथार्थ

राष्ट्रिय पुनर्निमाण प्राधिकरणले भूकम्प पीडित लाभग्राही सूचिमा परेर पहिलो किस्ता बापत रु ५० हजार लिएका तर तोकिएको समयसिमामा घर नबनाएको परिवारलाई छिटो घर बनाउन वा रकम फिर्ता गर्न अनुरोध गर्दै केही समय दिएको छ। यदि अनुदान लिएका परिवारले तोकिएको मापदण्ड अनुसार घर बनाएनन् वा रकम फिर्ता गरेनन् भने कारवाहिको प्रकृया अगाडी बढाउने भनेको छ। त्यस पश्चात, सरकारी बाँकि सरह असुलउपर गर्नकालागि प्रचलित कानुन बमोजिम जुनजुन सुविधामा रोक्का गर्नुपर्ने हो सबै ठाउँमा सेवा सुविधा रोक्का गर्नेछ। जस अन्तरगत सामाजिक सुरक्षा भत्ता लगायतका कुराहरू पनि पर्दछन्।

यदि कुनै लाभग्राहीले प्राप्त अनुदान रकमबाट घर बनाएन वा बनाउन सकेन र पहिलो किस्ता बापत पाएको रककम फिर्ता गर्न चाहन्छ भने, निम्न प्रकृया अपनाउनु पर्दछः

- जिल्ला स्थीत आयोजना कार्यान्वयन इकाईमा गएर लाभग्राही सूचिबाट नाम हटाईपाउँ भनि  निवेदन दिनुहोस।
- आयोजना कार्यान्वयन इकाईले कार्यालयको बैक खाता उपलब्ध गराउँछ। सो खातामा रकम जम्मा गर्नुहोस।
- भौचरको एक प्रति इकाईलाई बुझाउनुहोस र अर्को प्रति ...... लाभग्राही संकेत नं. भएको म ...(नाम)...ले नयाँ घर बनाउन आवश्यक नभएको हूँदा मैले लिएको रकम फिर्ता गरेको व्यहोरा जानकारी गराउँदै लाभग्राही सूचिबाट मेरो नाम हटाईदिनुहुन अनुरोध छ भनेर अनुरोध छ भनेर निवेदनसंगै संलग्न गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई बुझाउनुहोस।

डा. भिष्म कुमार भुसाल
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-९८५११७७५७

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-०१४२११४८४

# प्रश्न



## ज्वालामुखी, धादिङ

“यदि वैदेशिक रोजगारीमा गएको व्यक्ति श्रम सम्झौता सकिए पश्चात पनि गैर कानुनी रूपमा विदेशमा बसे के हुन्छ ?”

## बिदुर, नुवाकोट

“श्रम स्वीकृती नविकरण नगरेर लुकेर विदेशमा काम गर्दैगरेका व्यक्ति कुनै समस्यामा परे उद्वारकालागि परिवारका सदस्यले कहाँ उजुरी गर्ने ?”

## बनेपा, काभ्रेपलाञ्चोक

“वैदेशिक रोजगारीमा गएका कामदारको करार अवधि सकिए पछि गैर कानुनी तवरले कामगर्ने क्रममा सम्बन्धित गन्तय राष्ट्रमा जेलमा परेमा नेपाल सरकारले आफ्ना नागरिकलाई स्वदेश फर्काउन के गर्दछ ?”

# जवाफ

यदि श्रम सम्झौताको म्याद सकिएर गैर कानुनी रूपमा विदेशमै कामगर्ने शिलशिलामा जेल परेमा, नेपाल स्थीत परिवारका सदस्यले मेरो मान्छे गैर कानुनी रूपमा विदेशमा बस्दा समस्यामा पऱ्यो। निजलाई स्वदेश झिकाई पाउँ भनि वैदेशिक रोजगार विभागमा जाहेरी दिनु पर्दछ। त्यस पछिको थप प्रकृयाकोलागि वैदेशिक रोजगार विभागले सम्बन्धित इजाजतवाला कम्पनी, सम्बन्धित देश स्थीत श्रम सहचारी र दुतावासलाई गैर कानुनी रूपमा बसेको उक्त व्यक्तिलाई स्वदेश पकाईदिन भनेर पत्र काट्दछ। तर, उक्त कामदारलाई स्वदेश फर्काउने समय भने गन्तव्य मुलुकको कानुनमा र मुद्दको प्रकृतिमा निर्भर रहन्छ।

वैदेशिक रोजगारीकालागि गएका कामदार सम्बन्धित देशको प्रवेशाज्ञाको म्याद सकिए पछि स्वदेश फर्कनुपर्ने हुन्छ। वैदेशिक रोजगार ऐन २०६४ को दफा ७६ को उपदफा (२) अनुसार स्वदेश नफर्कने कामदारलाई विभागको सहयोगमा स्वदेश फर्काउने दायित्व इजाजतपत्रवाला (नेपाल स्थीत कामदारलाई वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनी) को हुनेछ भन्ने उल्लेख गरीएको छ। त्यसैको उपदफा (३) अनुसार कामदार स्वदेश फर्काइसकेपछि त्यसरी फर्काइएको व्यक्तिलाई तीन वर्षसम्म विदेश जान नपाउने गरी नेपाल सरकारले प्रतिबन्ध लगाउन सक्नेछ।

**उद्वव रिजाल**
प्रवक्ता,
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८४१३२२१६८

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४

# प्रश्न

**धुनेवेंशी, धादिङ**

“स्थानीय सरकारले विकासका योजना बनाउदा के कस्ता कुरालाई प्राथमिकतामा राख्दैछ ? बुझ्नपाए हुन्थ्यो ।”



**पाँचखाल, काभ्रेपलाञ्चोक**

“स्थानीय स्तरमा विकास निमार्णका योजना तर्जुमा बनाउने दुईचार व्यक्तिमात्र त होलान् नि । पिछडिएका बर्गको मुद्दा समेट्ने कुनै प्रवधान छैन ?”

# उत्तर

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनितिक विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्नेछ। योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासंग अनुकुल हुने गरी सुशासन, वातावरण बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने छ।

त्यसैगरी योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्सथानीय बुद्धिजीवि, विज्ञ, अनुभवि, पेशाविद्, सीमान्कृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागिता गराउनु पर्ने हुन्छ।

| स्रोत | स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०७४ |
|---|---|

# मेरो कथा – अनुभुती र भोगाई





## सन्त कुमार गिरी

### रविओपी, काभ्रेपलाञ्चोक

रविओपी - २, काभ्रेका सन्त कुमार गिरी नेपालमा केही गरौ भनेर अवसर खोजीरहेका थिए। आफुसंग रहेको भिरालो जमिनमा खेती गरेर वर्षभरी खान पुग्दैनथ्यो। अरु विकल्प नभेटे पछि अन्तिम विकल्पको रूपमा उनले वैदेशिक रोजगारीलाई रोजे। वैदेशिक रोजगारीमा गएका साथीहरुले गरेको दुख अनुसारको कमाई नभएको देखेर उनको चित बुभ्किरहेको थिएन। साथीहरुको सम्पर्ककै आधारमा मासिक तिन हजार डलर कमाउने आशमा उनि ईराक गए। सोचे अनुसारकै काम भईरहेको थियो। कामकै शिलशिलामा दुर्घटनावस उनले आँखामा गम्भीर चोट लाग्यो। उनको लगनशिलताको मुल्यांकन गर्दै कम्पनीले उपचारकोलागि जर्मनी पठायो। उपचार सफल भए पनि उनले एउटा आँखा गुमाउने भए। त्यस पश्चात उनि नेपाल फर्किए। थोरै लगानिमा आफ्नै गाउँठाउँमा व्यवसाय गर्ने योजना सहित बनेपाको तिनदोबाटोमा कपडा पसल सञ्चालन गरे। उनको पसलमा आउने जो कोहीसंग उनि आफ्नो वैदेशिक रोजगारीको अनुभव सुनाईरहन्छन्। गाउँका युवाहरुपनि वैदेशिक रोजगारीमा जानुपूर्व एक पटक गिरीलाई भेट्ने गर्दछन्। उनिकहाँ आउने हरेक युवालाई वैदेशिक रोजगारीमा जानुपूर्व कम्तिमा निम्न पाँचओटा कुराको बारेमा जानकारी लिएर मात्र जानु भनेर सुझाव दिन्छन्।

- गन्तव्य मुलुकको सुरक्षा र बाहिरी हस्तक्षपको बारेमा जानकारी लिनुहोस।
- वैदेशिक रोजगारीमा जानु पूर्व आफुले प्रकृया थालेको म्यानपावर कम्पनी सरकारबाट ईजाजत प्राप्त हो कि हैन, उक्त कम्पनीको काम कारवाही रोक्का भएको छ कि छैन बुझेर मात्र प्रकृया थाल्नुहोस।
- वैदेशिक रोजगारीमा प्रस्थान गर्नु अगाडी आफुले प्राप्त गरेका रोजगार सम्बद्ध कागजातहरुको प्रतिलिपिहरु एकएक थान नेपालमा सुरक्षित राख्ने र आफ्नो साथमा लिएर जनुपर्ने कागजातहरु रुजु गरी लिई जानुहोस।
- आफ्नो नाममा भिषा प्राप्त भई वैदेशिक रोजगारीमा जाने निश्चित भएपछि सम्बन्धित म्यानपावर कम्पनीको बैंक खातामा वा प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहेस साथै बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस।
- जाँदै गरेको गन्तव्य मुलुकमा नेपाली दुतावास छ कि छैन बुझेर मात्र जाने।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- गाउँपालिका तथा नगरपालिकाको न्याय समिति कार्य सम्पादन स्रोत पुस्तक (Link)
- वैदेशिक रोजगार विभागको गुनासो व्यवस्थापन सम्बन्धि सूचना (Link)
- निजि आवास पुनर्निमाण अपडेट (Link)
- त्रिभुवन विमानस्थलबाट मृतकको घर सम्म शव ढुवानीकालागी दिने निवेदनको ढाँचा (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरीरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरीएका सामाग्री हुन् । २०७४ चैत्र १८ गतेदेखि २०७४ जेष्ठ १७ गतेसम्म ४ जिल्लाका करिव १३०० जना स्थानीयवासीसँग कुराकानी गरि तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

## Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।

accountabilitylab

Local Interventions Group
data - driven development